
संक्षिप्त
संस्करण

# नेपाली कांग्रेसको सङ्कल्प

## स्थानीय तह निर्वाचन-२०७९




**सबल स्थानीय सरकार : समुन्नत गाउँ, समुन्नत नगर**


समुन्नत गाउँ
समुन्नत नगर
सबल स्थानीय सरकार
शिक्षा स्वास्थ्य
प्राकृतिक स्रोत वातावरण
सेवा प्रवाह
स्थानीय पूर्वाधार
कृषि रोजगारी उद्यम
असल शासन – पारदर्शिता र जवाफदेहिता, नागरिक स्वतन्त्रता, नागरिकसँगको सहकार्य,
सामाजिक रूपान्तरण, सङ्घ र प्रदेशसँगको समन्वय, स्रोतको समुचित व्यवस्थापन
कानूनी, नीतिगत तथा संस्थागत क्षमता विकास

**आदरणीय आमाबुवा, दिदीबहिनी तथा दाजुभाइहरू,**
**जय नेपाल !**

नयाँ वर्ष २०७९ को आगमनसँगै समुन्नत नेपालको सपना र योजना बोकेर हामी स्नेह, आशीर्वाद र अमूल्य मतको विनम्र अपेक्षा सहित तपाईंहरूको घरदैलोमा उभिएका छौं । यस क्षणमा हामी सात दशकभन्दा लामो लोकतान्त्रिक संघर्ष यात्राका विभिन्न कालखण्डमा गौरवपूर्ण शहादत प्राप्त गर्ने प्रातःस्मरणीय अमर शहीदहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै लोकतान्त्रिक आन्दोलनका अग्रज योद्धाहरूलाई हृदयदेखि स्मरण गर्दै देशभित्र र संसारभरि फैलिएर रहनु भएका सम्पूर्ण नेपाली आमाबुवा दिदीबहिनी तथा दाजुभाइहरूको लोकतन्त्रप्रतिको निष्ठा, समर्पण र संघर्षलाई हार्दिकतापूर्ण अभिनन्दन गर्दै जय नेपालको न्यानो अभिवादन टक्र्याउन चाहन्छौं ।

आवधिक निर्वाचन लोकतन्त्रको आधाभूत स्तम्भ हो । यो वर्ष हाम्रो संघीयताको ढाँचामा रहेका स्थानीय, प्रदेश र संघीय तीनै तहका निर्वाचनहरू क्रमशः हुँदै जानेछन् । यही वैशाख ३० गते स्थानीय तहको निर्वाचन हुँदैछ । नेपाली जनताको अथक संघर्ष र बलिदानस्वरूप संविधानसभाबाटै संविधान लेखिनु पर्छ भन्ने संकल्प साकार भएसँगै हामीलाई आवधिक निर्वाचनको यो दोस्रो अवसर प्राप्त हुँदैछ । सबै नेपालीको पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठामा नै नेपालको राष्ट्रिय पहिचान उच्च हुन्छ भन्ने मान्यताका साथ **आम नेपालीको जीवनमा गुणात्मक परिवर्तन ल्याउने अठोट सहितको 'समुन्नत नेपालको राष्ट्रिय आकांक्षा पुरा गर्ने अभियानमा सामेल हुन र निर्वाचनमा उत्साहपूर्वक सहभागी भई मतदान गर्न हार्दिक अपिल गर्दछौं ।**

## विगतको समीक्षा : खेर गएको पाँच वर्ष

संविधानसभाबाट संविधान जारी भई २०७४ सालमा सबै तहका निर्वाचनहरू सफलतापूर्वक सम्पन्न भएपश्चात नेपालकै इतिहासमा सर्वाधिक अनुकूलताको राजनीतिक 'स्वर्णिमकाल' नेपाल कम्युनिष्ट पार्टीले पाएको थियो । तर सत्ता र शक्तिको केन्द्रिकरण गर्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको उन्मादी महत्वाकांक्षा लोकतन्त्र र समग्र प्रणालीलाई नै तहसनहस बनाउन उद्धत भयो । उहाँको सरकारले मुलुकलाई बल्लबल्ल प्राप्त स्थिरताको लाभ लिनबाट फेरि एकचोटि वञ्चित मात्र गरेन, झन् भयंकर अस्थिरताको चक्रव्यूहमा फँसाएर गयो । संविधान निर्माणपछिको समयमा नेपाली राजनीतिको सबैभन्दा ठूलो दुखान्त नै यही हो ।

**नेकपाको सरकारः अधिनायकवाद र सर्वसत्तावादको सूत्रपात**

- अभिव्यक्ति तथा प्रेस स्वतन्त्रतामाथि आक्रमण
- संघीयता विरोधी एकात्मक र नियन्त्रणकारी प्रवृत्ति
- संवैधानिक निकायको कम्युनिस्टकरण
- विभेदकारी नागरिकताको पक्षधरता

**नेकपाको सरकारः कुशासन र भ्रष्टाचार**

- सार्वजनिक सम्पत्तिको लुट, भ्रष्टाचार र अनियमितता
- साँस्कृतिक अधिकार हनन गरी गुठीको जमीन भूमाफियाकरण

**नेकपाको सरकारः महामारीमा समेत कमिशन र भ्रष्टाचार**

**प्रतिनिधिसभा विघटनः लोकतान्त्रिक गणतन्त्र र संविधान असफल बनाउने षडयन्त्र**

- अलोकतान्त्रिक र असंवैधानिक रूपमा दुई पटक प्रतिनिधिसभा विघटन
- सर्वोच्च अदालतद्वारा प्रतिनिधिसभा पुनर्स्थापना गर्ने ऐतिहासिक फैसला
- नेकपा (एमाले) नै सर्वोच्च अदालतबाट जन्मिएको पार्टी

**नेकपाको सरकार : उत्ताउलो 'घोषणाको विकास'**

- घोषणामा सीमित मुलुकलाई चर्को ऋणको भारी बोकाउने योजना र स्रोत बिनाका ठूल्ठूला भौतिक संरचनाको प्रोपोगाण्डा र उद्घाटनको नाटक

## प्रतिपक्षमा नेपाली कांग्रेस : जिम्मेवार र निरन्तर खवरदारीको भूमिका

२०७४ को स्थानीय निर्वाचनमा ७५३ मध्ये २७१ स्थानीय सरकारमा नेपाली कांग्रेसले विजय हासिल गरेको भएपनि संघीय संसद तथा ७ प्रदेश सरकारमा नेपाली कांग्रेस प्रमुख प्रतिपक्षी पार्टी थियो । कांग्रेसले जिम्मेवार, रचनात्मक र उच्च लोकतान्त्रिक संस्कार सहितको प्रतिपक्ष पार्टीको भूमिका निर्वाह गऱ्यो । हाम्रो पार्टीले भौगोलिक अखण्डता, राष्ट्रिय स्वाधीनता, राष्ट्रिय हितमा आधारित नीति, नेपालको नयाँ नक्सा, कोभिड महामारी नियन्त्रण जस्ता अहम् राष्ट्रिय मुद्दा र जनजीविकाका प्रश्नमा सरकारलाई सहयोग र समर्थन गर्दै आइरहेको थियो । त्यससँगै जनविरोधी, संविधान र लोकतान्त्रिक प्रणाली विरोधी विवादास्पद निर्णय र कार्यशैलीका विरूद्धमा भने कांग्रेस पार्टीले सशक्त प्रतिरोध गरी नै रह्यो । दुई तिहाईको दम्भ र अहंकारले उन्मत्त हुँदै संविधान, लोकतान्त्रिक पद्धति, संसद, संवैधानिक संस्था र विधिको शासन माथि आक्रमण गर्न थालेपछि कांग्रेसले सदनदेखि सडकसम्म निरन्तर खबरदारी गर्दै सशक्त प्रतिवाद गरेकाले अनेकन विवादास्पद विधेयकहरू संसदबाट पारित हुनबाट रोकिए, संविधानको रक्षा भयो र मुलुकले थप क्षति भोग्नबाट जोगियो ।

## राष्ट्रिय संकटको घडीमा नेपाली कांग्रेसको भूमिका

प्रतिनिधिसभा पुनः स्थापनापश्चात विशिष्ट परिस्थितिमा सृजना भएको सरकारको जिम्मेवारीलाई राष्ट्रिय संकटको घडीमा नेपाली कांग्रेसले निर्वाह गर्दै आएको ऐतिहासिक अभिभाराको निरन्तरताको रूपमा हामीले आत्मसात गरेका छौं । जनआन्दोलनमार्फत संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भएपछि नेपाली कांग्रेसले अहिले समेत गरी नेपाली राजनीतिको विशिष्ट कालखण्डमा चार पटक सरकारको नेतृत्व गर्ने अवसर पाएको छ ।

**पहिलो,** २०६२/०६३ सालको ऐतिहासिक जनआन्दोलनमा नेतृत्वदायी भूमिका निर्वाह गरेको कारणले जनआन्दोलन सफल भएपछिको संक्रमणकालको नेतृत्व पनि कांग्रेसले नै गरेको थियो । कांग्रेसका आदरणीय नेता गिरिजाप्रसाद कोइराला नेतृत्वको सरकारले संविधानसभाको निर्वाचन स्वतन्त्र, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गरी संविधानसभाद्वारा संविधान निर्माण गर्ने जग बसालेको थियो ।

**दोस्रो,** नेपाली कांग्रेसका तत्कालीन सभापति सुशील कोइरालाको नेतृत्वमा दोस्रो संविधानसभाको निर्वाचनपछि बनेको कांग्रेसको सरकारले संविधानसभामार्फत ऐतिहासिक संविधान जारी गर्न सफल भएको थियो ।

**तेस्रो,** नेपाली कांग्रेसका सभापति एवं वर्तमान प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले नयाँ संविधान जारी भएपछि संघीय, प्रादेशिक र स्थानीय गरी तीनै तहको निर्वाचन सम्पन्न गरी संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान कार्यन्वयनको ठोस आधार तयार गरेको थियो ।

**चौथो,** नेकपा (एमाले) को सर्वसत्तावादी प्रवृत्तिको कारणले संविधानसभाद्वारा निर्मित संविधान नै असफल हुने दिशातर्फ उन्मुख भएपछि अहिलेको विशिष्ट परिस्थितिमा संविधान र लोकतान्त्रिक प्रणालीको रक्षार्थ पुनः सरकारको जिम्मेवारी वहन गर्नु पर्ने अपरिहार्य अवस्था सृजना भएको हो । अब हामीलाई फेरि राजनीतिक मुद्दाकै खिचातानीमा अल्झने र प्राप्त अवसरलाई गुमाउने न सुविधा छ, न समय नै । पार्टीको सुनौलो इतिहास र ऐतिहासिक भूमिकाको सगौरव स्मरण गर्दै अहिले प्राप्त भएको जिम्मेवारी पनि सत्य-निष्ठापूर्वक वहन गरी लोकतन्त्र, संविधान, जनअधिकारको संरक्षण र समुन्नत नेपाल निर्माण गर्नेछौं भनी सम्पूर्ण नेपाली नागरिकसँग हामी प्रतिज्ञा गर्दछौं ।

### अबको यात्रा र एजेण्डा

## समुन्नत नेपालको राष्ट्रिय सङ्कल्प

२०६० सालबाट शुरू भएको परिवर्तनको आन्दोलनका वाचाहरू पुरा हुन नसके पनि नेपाली कांग्रेस पार्टी दृढ छ– हामी नागरिकको निराशामा अन्तर्निहित परिवर्तनको वेगलाई अग्रगामी, लोकतान्त्रिक तथा प्रगतिशील उर्जामा रूपान्तरण गर्नेछौं । त्यसैले हामी सङ्कल्प गर्छौं कि ऐतिहासिक जनआन्दोलन र संविधानले जनतासँग वाचा गरेको समुन्नत नेपालको जग बसाल्ने छौं ।

### समुन्नत नेपालको मार्गचित्र

**नागरिकले प्रत्यक्ष अनुभूत गर्ने परिवर्तन र रूपान्तरण नै कांग्रेसको लक्ष्य हो ।** समुन्नत नेपाल कुनै अमूर्त गन्तव्य नभएर जनताको सक्रिय सहभागितामा हुने राष्ट्र निर्माणको निरन्तर प्रक्रिया र कुनै एक व्यक्तिको चमत्कारले होइन, सबै नागरिकको सामुहिक प्रयत्नले डोऱ्याउने उज्यालो भविष्यतिरको सुनौलो यात्रा हो । समुन्नत नेपालको केन्द्रमा नेपाली जनताको सर्वाङ्गीण विकासको वृहद् अवधारणा अन्तर्निहित छ ।

**समुन्नत नेपालको केन्द्रमा नागरिक छ, उसका आकांक्षा र सपनाहरू छन्** र उसको व्यक्तित्वको आफ्नै विशिष्ट पहिचान छ । भौतिक संरचनाहरू आवश्यक छन्, तर ती संरचनाहरू नागरिकका सपनाहरूको पूर्तिका लागि निर्माण गरिएका हुन् । तिनको निर्माणमा नागरिकको सहभागिता र सृजनशीलता जोडिएको हुँदा तिनले विभेदको सृजना गर्दैनन् । आफूलाई सक्षम बनाउने नागरिकको प्रयत्नलाई राज्यले प्रोत्साहित गर्नेहुँदा ऊ अझ स्वावलम्बी, सम्पन्न र राष्ट्र निर्माणमा योगदान गर्न हरदम प्रेरित रहन्छ । त्यस्ता सक्षम र उद्यमशील नेपाली नागरिकको सामुहिक प्रयत्नबाट मुलुकको सम्पन्नता वृद्धि हुँदै जानेछ; देश समुन्नत बन्नेछ ।

**देश समुन्नत हुँदै जाँदा कुनै पनि व्यक्तिले वंश, जाति वा लिङ्गको आधारमा प्राप्त हुने विशेषाधिकारको अवस्थाको अन्त्य हुँदै जानेछ ।** त्यसैगरी जन्म भएको परिवार वा भूगोलको आधारमा नागरिकको भाग्य निर्धारण हुने अन्यायको

अन्त्य हुँदै जानेछ र राज्यले सबै नेपाली नागरिकको स्वतन्त्रताको विस्तारका लागि शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा जस्ता जीविकोपार्जनका न्यूनतम आधारको प्रत्याभूति गर्दै जानेछ । त्यस्ता नागरिकको सामूहिक प्रयत्नबाट निर्माण हुँदै गरेको सम्पन्न नेपालमा जातीय, भाषिक, क्षेत्रिय लगायतका विविधताको जोडबाट राष्ट्रियताको नयाँ सुदृढ भाव सृजना हुनेछ । निरन्तर बढ्दै जाने मुलुकको समुन्नतिले आधुनिक नेपाली परिचयको विकास गर्नेछ र त्यसले सबै नेपालीहरूलाई नेपाली हुनुमा गर्व गर्न सक्ने अवस्थाको बन्नेछ ।

वास्तवमा, **समुन्नत नेपाल जननायक बी.पी. कोइरालाको प्रजातान्त्रिक समाजवादमा आधारित समतामूलक समाज निर्माणको सिद्धान्त र परिकल्पनाको विस्तारित स्वरूप हो, थप व्याख्या हो । जसको अर्थ पुँजी संग्रह र आर्थिक वृद्धि महत्वपूर्ण साधन हुन् तर विकासको साध्य भनेको नागरिकको स्वतन्त्रता, सक्षमता र सबलीकरणको विस्तार नै हो ।**

नेपाली कांग्रेस पार्टीले अवलम्बन गर्ने नीतिमा अबको दशक नेपालको समुन्नति र सम्पन्नताको दशक हुनेछ । हामी प्रष्ट मार्गचित्रका साथ समुन्नतिको यही राष्ट्रिय संकल्पको कार्यान्वयनमा आफूलाई समर्पित गर्नेछौं ।

## समुन्नतिका आर्थिक–सामाजिक आधार

- सुशासनको शर्त उदार लोकतन्त्रसँग जोडिन्छ । आवधिक निर्वाचनमात्र होइन, आधारभूत स्वतन्त्रताहरू, विधिको शासन र शक्ति पृथकीकरणसहितको संवैधानिक उदारवादमा सक्षम र जवाफदेही प्रशासन–संयन्त्र र सदाचारी एवं सुयोग्य राजनीतिक तथा प्रशासनिक नेतृत्व आवश्यक पर्छन् भन्ने हाम्रो अनुभवजन्य निष्कर्ष छ ।
- नागरिकको ज्ञान, सीप र क्षमतामा वृद्धि गरी तिनको जीवनस्तर उकास्ने सामाजिक पूर्वधारको निर्माणमा हामी ध्यान दिने छौं । गुणस्तरीय शिक्षा, स्वास्थ्य, सामाजिक सुरक्षा र नागरिकको समग्र क्षमता र सृजनशीलतालाई उत्प्रेरित गर्ने पूर्वाधारको निर्माण संवैधानिक र नैतिक दायित्वमात्र होइन, त्यस्ता नागरिक नभई मुलुकको सम्पन्नता सम्भव नै छैन । यो नीतिलाई स्थानीय तहदेखि नै अवलम्बन गरिने छ ।
- सबै नागरिकलाई कुनै न कुनै उद्यममा जोडेर नतिजाको असमानता भन्दापनि अवसरको असमानतामा हामीले विशेष ध्यान दिनेछौं । उत्पादकत्वमा वृद्धि, बालशिक्षा, स्वास्थ्य र पोषणको गुणस्तरमा विस्तार, आरक्षणको अभ्यासमा जाँदै नेपाली समाजलाई समन्यायिक बनाउने ध्येय हुनेछ ।
- तरूण युवाहरूको ऊर्जाको बलमा आशावादी, सकारात्मक र जीवन्त नेपाली समाजको कल्पना हामीले गरेका छौं । तिनको क्षमता अभिवृद्धिका लागि आधुनिक सीप र प्रविधिमा आधारित व्यावसायिक पाठ्यक्रम, प्रशिक्षित शिक्षक र चुस्त विद्यालय व्यवस्थापनमा नयाँ चरणबाट नै काम गरिने छ ।
- कांग्रेसले लिने नीतिले उत्पादन र वितरणलाई समान प्राथमिकता, समावेशी आर्थिक वृद्धि, आर्थिक कूटनीतिमार्फत वैदेशिक सहयोग अभिवृद्धि र आत्मनिर्भरमुखी अर्थतन्त्रको विकास गर्नेछ । यसै गरी गरिब, विपन्न, किसान, मजदुर, समाजमा पिछडिएका तथा वञ्चितिकरणमा परेका सीमान्तकृत समुदायको उत्थान र विकासलाई विशेष प्राथमिकता दिनेछ ।
- फराकिलो समुन्नति र आर्थिक सामर्थ्यको हाम्रो सोचको नेपाल आगामी दशकमा एउटा उद्यम–अनुकूल, मध्यमआय भएको समन्यायिक मुलुक हुनेछ जहाँ चरम गरिबी एक अङ्कमा सीमित हुनेछ। रोजगारीको प्रकृति, श्रम र पुँजीको प्रतिफल र स्वामित्वको हिस्सा, बिहेवारी एवं सन्तानमा गरिने फरक लगानीका कारण पनि असमानता बढ्दै गएकोले तिनको न्यूनिकरण गर्ने प्रयत्न गरिने छ ।

- नेपाली नागरिकको औसत आयु ८० वर्षको हाराहारीमा पुर्याउिने, मातृ-मृत्यु र शिशु-मृत्यु दरलाई उल्लेख्यरूपमा घटाउँदै स्वास्थ्य क्षेत्रमा राज्य प्रत्यक्ष सेवा प्रदायकको भूमिकासँगै बलियो नियमन र सर्वसुलभ बीमा मार्फत स्वास्थ्य सेवाको क्रेताको रूपमा पनि उपस्थित हुनेछ। 'डिजिटलाइजेसन' मार्फत नेपालका सबै नागरिकको कोखदेखि शोकसम्मका रेकर्डका आधारमा जहाँ पनि जुनसुकै सेवा प्रदायकबाट स्वास्थ्य परामर्श लिन सकिने प्रणालीको विकास गरिने छ ।
- कनेक्टिभिटीसँग सम्बन्धित पूर्वाधारहरू (सडक, हवाई, रेल, जल, ऊर्जा र डिजिटल संजाल) मा बहुपक्षीय लगानी जुटाई, झन्झटिला ऐन, नियम, प्रक्रियाहरूमा समय तोकेरै शृंखलावद्ध सुधार गरेर समग्र उत्पादनको लागत घटाउने, तुलनात्मक लाभका क्षेत्रहरूलाई प्रतिस्पर्धी बनाउँदै वर्षेनी अधिकतम संख्यामा सम्मानजनक रोजगारी सिर्जना गर्ने हाम्रो उच्च प्राथमिकता रहनेछ ।
- जलवायु-अनुकूल उत्पादनको स्रोत तथा गन्तव्यका रूपमा परिचित हुन ऊर्जाका सबै मागहरू जलविद्युत तथा स्वच्छ ऊर्जाका अन्य स्रोतको परिचालनबाट पूर्ति गर्नेछौं ।
- भारत, चीनलगायत नजिकका ठूला अर्थतन्त्रसँगको सामीप्यलाई आधार मान्दा नेपाललाई अब बीसौं शताब्दीको भूपरिवेष्ठित, विश्व-बजारबाट अलग्गिएको अर्थतन्त्रका रूपमा लिन मिल्दैन । उच्च मूल्यको पर्यटन उद्योग र सेवाप्रदायक व्यवसायीहरूको आकर्षक गन्तव्यको रूपमा नेपाललाई स्थापित गराउनु पर्नेछ । राष्ट्रसंघको बडापत्रप्रति प्रतिवद्ध रही साठी वर्ष अघि १७ महिनाको छोटो अवधिमै प्रथम जननिर्वाचित प्रधानमन्त्री बीपीले आर्थिक कुटनीतिमा अपनाउनु भएको प्रेरणादायी पदचाप पछ्याउने नेपाली कांग्रेस प्रण गर्दछ ।
- अन्तर्राष्ट्रिय 'बेन्चमार्क' को सन्दर्भमा हामी सन् २०२६ मै 'अतिकम-विकसित' राष्ट्रबाट विकासशील श्रेणीमा उक्लिने छौं। विकास मार्गले कोल्टे फेर्ने अवसर हो यो । त्यसैले वैदेशिक लगानीका अवरोधहरूलाई हटाई, तिनलाई सुरक्षा र संरक्षणको प्रत्याभूति गर्दै आकर्षित गरिने छ ।
- गुणात्मक ढङ्गले वृद्धि भइरहेको गैरआवासीय नेपाली समुदायको पुँजी, ज्ञान र सीप पनि मुलुकको विकासका लागि उत्तिकै आवश्यक र ठूलो स्रोत हो भन्ने आत्मसात गर्दै नेपाली कांग्रेसले तिनलाई आफू जन्मिएको, हुर्किएको गाउँ तथा नगरले लिएका आर्थिक-सामाजिक पहलमा सहकार्य गर्न उत्प्रेरित गर्ने र त्यसका लागि आवश्यक नीति र संयन्त्रको व्यवस्था गर्नेछ ।
- हामी आधारभूत तहदेखि नै ज्ञानमा आधारित अर्थ व्यवस्थाको निर्माणमा विशेष जोड दिँदै गाउँ र नगरपालिकाका स्कुल-कलेज तहदेखि नै सूचना-प्रविधिसम्बन्धि शिक्षा र तालिम, सूचनाको निःशुल्क र उपयोगी प्रवाहका लागि सूचना र संचारका पूर्वाधार निर्माण र त्यसमा सर्वसाधारणको सहज पहुँचलाई नीतिगत प्रोत्साहन दिनेछौं ।

यो **संविधानको रक्षा र त्यसैको जगमा समुन्नतिको निर्माण गरी नागरिकको सम्मानित जीवन बाँच्ने पाउने अधिकारको सुनिश्चितता नै नेपाली कांग्रेस पार्टीको ध्येय हुनेछ ।** नेपाली कांग्रेस पार्टीले कुनै किसिमका असहिष्णु, उग्रराष्ट्रवादी र प्रतिगामी एजेण्डाको भूँमरीमा देशलाई अब फेरि फँस्न दिने छैन । नेपाली कांग्रेसले जनताको जीवन बदल्ने मुद्दालाई नै राष्ट्रिय मुद्दाको रूपमा स्थापित गर्नेछ । त्यही नै देशभित्रका अवनतिका जराहरू उखेल्न जन्मिएको नेपाली कांग्रेस पार्टीको अस्तित्वको सार हुनेछ ।

दोस्रो खण्ड

# सबल स्थानीय सरकार : समुन्नत गाउँ, समुन्नत नगर



## स्थानीय सरकारको मार्गचित्र

संघीय संरचनामा पहिलो कार्यकाल अभ्यास गरिसकेको हुँदा हामीले नयाँ प्रणाली, अभ्यास, सिकाइका अनुभव सँगालिसकेका छौं । यसको सफलता-असफलता यो प्रणाली भन्दा पनि व्यवस्थापनसँग जोडिएको छ । **स्थानीय सरकार स्रोत, साधन र अधिकारले जति सबल बन्छन्, नागरिक र लोकतान्त्रिक पद्धति त्यति नै बलियो हुन्छ भन्ने नेपाली कांग्रेस ठान्दछ ।**

देशका विकट क्षेत्र तथा सीमान्तकृत समुदायका बीच सन्तुलित विकासको प्रतिफल पुऱ्याउन तथा विविध जाति, भाषा र सँस्कृतिका जनताको पहिचान, प्रतिनिधित्व, राज्यका अङ्गमा पहुँच, सामाजिक प्रतिष्ठा र परिवर्तनको आकांक्षाको सम्बोधन गर्दै नागरिकको समग्र प्रगति गराउन स्थानीय सरकार प्रभावकारी हुन्छ । **सबल स्थानीय सरकार मार्फत विविधतालाई एकतामा जोड्दै लोकतन्त्रलाई समावेशी र सहभागितामूलक बनाएर देशको समुन्नतिको ढोका खोल्नुपर्छ ।** त्यसैले हाम्रो लोकतन्त्र र संघीय संरचना मजबूत बनाउन संघ र प्रदेशले संविधानको मर्म र भावना अनुरूप स्थानीय सरकारसँग समन्वय र सहकार्य गर्दै तिनको सबलीकरण गर्नुपर्छ भन्नेमा नेपाली कांग्रेस स्पष्ट छ ।

**नेपाली कांग्रेसले परिकल्पना गरेको समुन्नत नेपालको आधार नै गाउँ र नगरको समुन्नति हो ।** स्वशासनको लोकतान्त्रिक अभ्यास गर्ने जनताको घर-दैलोको स्थानीय सरकारले संविधानले दिएका अधिकार प्रयोग गर्दै पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, सुशासन, सामाजिक सुरक्षा लगायतका क्षेत्रमा स्पष्ट मार्गचित्र तय गरी नागरिकलाई प्रधानता दिएर **नेपाली कांग्रेस सबल स्थानीय सरकारः समुन्नत गाउँ, समुन्नत नगरको वृहत्तर अवधारणा अनुसार सम्मानित नागरिक बनाउने दृढ संकल्प गर्दछ ।**

स्थानीय तहले व्यापक जनसहभागितामा दिगो विकासको अवधारणा अनुसार लगानी जुटाउन र प्रभावकारी ढङ्गले त्यसको कार्यान्वयन गर्न सक्छन् । **देहाय बमोजिमका सैद्धान्तिक अवधारणा तथा मार्गचित्र नेपाली कांग्रेसका स्थानीय सरकारले अनुसरण गर्नेछन् ।**

- संविधानप्रदत्त नागरिकको स्वतन्त्रता र अधिकारलाई विस्तार गरी व्यक्तिको प्रतिभाको प्रष्फुटन गराउने वातावरण निर्माण गर्दै नागरिकको पहिचान, प्रगति र प्रतिष्ठालाई मजबुत बनाउने,
- जनतामुखी नीति अनुसरण गरी उत्तरदायी र जवाफदेही रूपमा सरकार संचालन गर्ने,
- समुन्नत नेपालको राष्ट्रिय आकांक्षा अनुरूप समुन्नत गाउँ, समुन्नत नगरका नीति र कार्यक्रमको ठोस मार्गचित्र तय गरी कार्यन्वयन गर्ने,
- संविधानको अनुसूची ८ र ९ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ ले प्रत्याभूत गरेका जिम्मेवारी वहन गरी अधिकार सम्पन्न र प्रभावकारी सरकार संचालन गर्ने,
- दिगो विकासको लक्ष्यअनुसार हासिल गर्न सक्ने स्थानीय लक्ष्य निर्धारण गरी प्रभावकारीरूपमा कार्यन्वयन गर्ने,
- सामाजिक न्याय र समावेशिताको संवैधानिक मर्मलाई आत्मसात गर्दै सवै क्षेत्रमा समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्ने,
- नागरिकको भरोसा र विश्वास जित्ने गरी स्थानीय सरकारलाई जनताको सेवकको रूपमा विकसित गर्ने,

## सबल स्थानीय सरकारः हाम्रो मुलभूत सिद्धान्त

समुन्नत गाउँ, समुन्नत नगर निर्माणका लागि नेपाली कांग्रेसले परिकल्पना र प्रस्ताव गरेको मार्गचित्र अनुरूप स्थानीय सरकारले अबको पाँच वर्ष आफ्ना क्षेत्रगत नीति, योजना र कार्यक्रमहरू अगाडी बढाउन देहायका मूलभूत सिद्धान्त अनुसरण गर्नेछन् ।

| | |
|---|---|
| नागरिक स्वतन्त्रता, समता र सम्मान | • व्यक्तिगत स्वतन्त्रता, मानव अधिकारको सम्मान, संरक्षण र सम्वर्द्धन<br>• समान पहुँच र समानुपातिक समावेशी प्रतिनिधित्वको सुनिश्चितता, सबैको पहिचान र प्रतिष्ठाको सम्मान, असल शासन र जवाफदेहिता |
| असल शासन र जवाफदेहिता | • कार्यक्रम र आयोजना छनौटमा सार्वजनिक सुनुवाइ र सामाजिक परिक्षण (Social Audit)<br>• नीति, कार्यक्रम र योजना, लक्ष्य तथा प्रगति प्रतिवेदन, वित्तीय विवरणको सार्वजनिकीकरण,<br>• पारदर्शी कार्यक्रम र बजेट र कार्यमूलक अनुगमन गर्न अनुपालन (Compliance) संयन्त्र<br>• सक्रिय सुशासन तथा लेखा समिति, वित्तीय अनुशासन, नागरिक गुनासाको अभिलेखीकरण, |

| | |
|---|---|
| सहज र प्रभावकारी सेवा प्रवाह | • अनलाईन एवं अफलाईन 'नागरिक बडापत्र', सेवा प्रवाह भए–नभएको अनुगमन, सेवाग्राहीहरूसँग परामर्श, सर्वेक्षण र अन्तर्क्रिया गर्दै गुणात्मक सुधार,<br>• वडाबाट एकीकृत सेवा प्रवाह, अपाङ्गता भएका व्यक्ति, अशक्त, जेष्ठ नागरिक, गर्भवती, सुत्केरी महिला, दीर्घ रोग भएका नागरिकका लागि घर–दैलोमा सेवा,<br>• आवधिक रूपमा सार्वजनिक विदाको दिन 'नागरिक एकीकृत सेवा मेला'<br>• सिफारिस, राजस्व सेवा लगायतका सेवामा विद्युतीय माध्यम र सेवाको डिजिटल अभिलेख राख्ने |
| नीतिगत, कानूनी र संस्थागत क्षमता विकास | • एक वर्ष भित्र सम्पूर्ण आवश्यक नीति कानून र आवश्यक संस्थागत संरचनाको निर्माण<br>• अनुगमन, गुणस्तर, पूर्वाधार लगायत न्युनतम मापदण्ड लागू गर्ने<br>• आवश्यक जनशक्तिको व्यवस्था र प्राविधिक तथा व्यवसायिक विकास गर्ने |
| स्रोतको समुचित व्यवस्थापन | • करको 'दायरा बढाउने दर घटाउने' सिद्धान्तअनुसार आय स्रोतको पहिचान र रचनात्मक प्रयोग<br>• सार्वजनिक सेवा र नागरिक हितको आधारमा कर र उद्यम व्यवसाय मैत्री कर प्रणाली<br>• दोहोरो कर प्रणालीको अन्त्य गर्दै विद्युतीय कर प्रशासन<br>• स्थानीय वस्तुको प्रयोग, रोजगारी सिर्जना र हरित उद्योगलाई कर सहुलियत |
| समन्वय सहकार्य र साझेदारी | • विकास कार्य र सेवा प्रवाहमा एकरूपता ल्याउन संघ, प्रदेश र स्थानीय तहसँग समन्वय संयन्त्र<br>• पूर्वाधार निर्माण, उद्यम विकास, रोजगारी सिर्जना, सेवा प्रवाहमा निजी र अन्य क्षेत्रसँग सहकार्य |
| सामाजिक रूपान्तरणको मूल अभियन्ता | • घरेलु तथा महिलामाथि हुने हिंसा, छुवाछुत, जातीय, लैंगिक, सामाजिक विभेदमा शुन्य सहनशीलता,<br>• बहुविवाह तथा बाल विवाह, बोक्सी, छाउपडी लगायतका सामाजिक कुरिती र अन्धविश्वासको नियन्त्रण,<br>• धुम्रपान, मध्यपान, लागू पदार्थ दुर्व्यसन जस्ता सामाजिक विकृतिको नियमन र नियन्त्रण,<br>• स्थानीय भाषा, लिपी, संस्कृतिको संरक्षण र प्रवर्द्धन, |
| तथ्य र प्रमाणका आधारमा नीति यो जना र बजेट | • तथ्याङ्क र प्रमाणका आधारमा नीति, योजना र बजेट तर्जुमा<br>• विद्युतीय प्रणाली मार्फत योजनाको सुरूवात, सम्झौता एवं प्रगति अद्यावधिक एवं परिणामको अनुगमन विश्लेषण र मुल्याङ्कन |

| | |
|---|---|
| सूचना प्रविधिको प्रयोग | ● हालको अवस्था तथा समस्या अध्ययन गरी उपयुक्त प्रविधिको विकास र कार्यान्वयन गर्ने<br>● अभिलेखको डिजिटाईजेशन, प्रविधि मैत्री मानवश्रोत एवं क्षमताको अभिबृद्धि |
| नागरिक सम्बन्ध र जनसहभागिता | ● निरन्तर नागरिक संवाद, नागरिक सहभागितामा नीति, योजना तथा कार्यक्रम तर्जुमा र अनुगमन<br>● संघीय र प्रादेशिक जनप्रतिनिधिहरूँग नागरिकको सम्बन्ध सेतु,<br>● स्थानीय विकासका लागि युवा महिला सभामार्फत् नागरिक परामर्श, नागरिक समूहको संलग्नता |
| सिर्जनशील, सदाचारी, जनसेवी नेतृत्व | ● भ्रष्टाचार, अनियमितता र पदीय दुरूपयोग नगर्ने संकल्प<br>● उच्च नैतिक चरित्र, पारदर्शी, जनमुखी, सेवामुखी र सृजनशील नेतृत्व<br>● जनताको कुरा सुन्ने, बुझ्ने र कार्य गर्ने पद्धति,<br>● प्रविधिमैत्री, अधिकारमैत्री र प्रभावकारी सञ्चार क्षमता<br>● 'मेयर साब' होइन 'जनताको सेवक' |

आगामी पाँच वर्ष हाम्रा स्थानीय सरकारले गाउँमा जनतालाई बस्न योग्य बनाउनका लागि विशेष प्राथमिकता दिने छन् । हाम्रो स्थानीय नेतृत्वले कर्मशील नागरिकका लागि कसरी गाउँ उत्पादनमुखी बन्न सक्दछन्, कसरी उनीहरूलाई उनीहरूकै घरनजिक रोजगारी दिन सकिन्छ भनेर आफ्नो स्थानको विशेषता अनुसार आयमूलक पेशा वा रोजगारीलाई उच्च प्राथमिकता दिने छन् । शहर बन्न न्यूनतम मापदण्ड समेत पुरा नगरेर अव्यवस्थित कंक्रिटको जंगल हुनबाट शहरलाई कसरी जोगाउन सकिन्छ भनेर स्थानीय सरकारले ध्यान दिनेछन् । स्कुल, अस्पताल, सेवा र गुणस्तर, उद्यम र रोजगारी, बिजुली, पानी, सडक, फोहोर व्यवस्थापन, वातावरण, इन्टरनेट, पार्क र खेल मैदानहरू अब हाम्रा सरकारका प्राथमिकतामा हुनेछन् । नेपाली कांग्रेसका स्थानीय सरकारहरू प्रष्ट कार्ययोजनासहित 'बसौं बसौं लाग्ने गाउँ र रहरलाग्दो शहर' बनाउन कटिवद्ध रहनेछन् ।



## तेस्रो खण्ड

# स्थानीय तहको जिम्मेवारी : हाम्रा प्राथमिकता र सङ्कल्प

## शिक्षा








| | |
|---|---|
| सिकाइ केन्द्रित विद्यालय | • सुविधा सम्पन्न एउटा 'अगुवा विद्यालय', एउटा 'व्यावसायिक सीप विद्यालय' र 'सिकाई मेला'<br>• विद्यालय छाड्ने दर कम्तीमा २०% ले घटाईने<br>• फरक क्षमता र पिछडिएका समुदायलाई छात्रवृति, लैङ्गिक तथा अपाङ्गमैत्री संरचना<br>• दिवा-खाजा कार्यक्रम, छात्राहरूलाई गुणस्तरीय स्यानिटरी प्याड निःशुल्क उपलब्ध<br>• प्रारम्भिक बाल विकास कार्यक्रम, कमजोर क्षमता भएका विद्यार्थीहरूलाई उपचारात्मक कक्षा सञ्चालन गरिनेछ र पढ्ने चासो वृद्धि गर्न 'अध्ययन अभियान' । |
| जागरूक अभिभावक | • अभिभावकहरूसँग सम्बन्ध विस्तार, सहकार्यका कार्यक्रम र अभिभावकका गुनासो समाधान गर्ने संयन्त्रको व्यवस्था । |
| उत्प्रेरित शिक्षक | • शिक्षकहरूको दरबन्दीको व्यवस्था, स्वयंसेवक शिक्षकको परिचालन<br>• शिक्षक भेला, शिक्षण सिकाइ सम्मेलन, सिकाइ सामाग्री निर्माण र प्रयोगको तालिम<br>• सल्लाहकार शिक्षकको व्यवस्था, शिक्षकहरूको दलगत राजनीतिमा निरूत्साहन<br>• उत्कृष्ट शिक्षक पुरस्कार, एक शिक्षक एक ल्यापटप । |
| सबल नेतृत्व र व्यवस्थापन | • जवाफदेहिता सहितको प्रधानाध्यापकको व्यवस्था नेतृत्व, क्षमता विकासको तालिम<br>• प्रतिबद्ध विद्यालय व्यवस्थापन समिति र दलीय भागबण्डाबाट मुक्त । |
| जवाफदेही शिक्षा प्रणाली | • गुणस्तर मापन र तथ्यांकलाई सार्वजनिक गर्ने , महिनामा एक पटक विद्यालयमा निरीक्षण र अनुगमन, जनप्रतिनिधि, कर्मचारी र स्थानीयवासी रहेको "विद्यालय सहयोगी" समूह । |
| नीति, योजना र शासकीय सुधार | • स्थानीय तहका आफ्नै शिक्षा नीति, ऐन र नियम,<br>• विद्यालय क्षेत्र नक्साङ्कन र आवश्यक नदेखिएका विद्यालय समायोजन,<br>• स्थानीय मातृभाषा, नेपाली वा अंग्रेजीलाई पठन पाठनको भाषा बनाउने,<br>• स्तरीय सार्वजनिक पुस्तकालय तथा सामुदायिक सिकाइ केन्द्रहरू सञ्चालन,<br>• सीमान्नतकृत, दलित समुदायका लागि विशेष सहयोगको कार्यक्रम । |
| लगानी | • स्थानीय तहले आफ्नो आयबाट गर्ने शिक्षाको लगानी हालको अवस्थाबाट कम्तीमा पनि १००% वृद्धि गरिने । |

# स्वास्थ्य




## सबैलाई स्वास्थ्य बीमा, सबल स्वास्थ्य प्रणाली, घरमै स्वास्थ्य सेवा, जनस्वास्थ्यमा लगानी

| | |
|---|---|
| स्थानीय स्वास्थ्य प्रणालीको विकास | ● स्वास्थ्य क्षेत्रको बजेट कम्तीमा १० प्रतिशत,<br>● एक वर्षभित्र आवश्यक नीतिगत, कानूनी र संस्थागत संरचना, र स्थानीय स्वास्थ्य प्रोफाइल निर्माण<br>● 'सबै नीतिमा स्वास्थ्य (Health in All Policies)' भन्ने मान्यताका साथ गाउँ-नगरपालिकाको स्वास्थ्य लक्ष्य निर्धारण गरी योजना, कार्यक्रम र बजेट तर्जुमा,<br>● स्वास्थ्य संस्थाको नक्शाङ्कन गरी सेवाका आधारमा हरेक वडामा आधारभूत स्वास्थ्य केन्द्र, ल्याब, हरेक स्थानीय तहमा विशेषज्ञ सेवा सहितको प्राथमिक अस्पताल संचालन, दुर्गममा साझेदारीमा जनशक्ति व्यवस्थापन र विशेषज्ञ सेवा, स्वास्थ्य संस्थाबाट एकीकृत सेवा ।<br>● सस्तो र गुणस्तरीय औषधीका लागि गाउँ-नगर फार्मेसी संचालन,<br>● सुविधासम्पन्न एम्बुलेन्स सेवा र दमकलको व्यवस्था,<br>● निजी स्वास्थ्य संस्थाको नियमन र गुणस्तरको सुनिश्चितता, सेवा प्रवाहमा सहकार्य । |
| सबै नागरिकलाई स्वास्थ्य बीमा | ● ६५ वर्ष माथिका जेष्ठ नागरिक, महिला स्वास्थ्य स्वयंसेविका, अति विपन्न, दलित, एकल महिला, अति अशक्त र अपाङ्गता भएका व्यक्तिलाई निःशुल्क बीमा गर्ने, प्रकृया सहज बनाउने,<br>● पाँच वर्षभित्र प्रत्येक स्थानीय तहलाई 'पूर्ण स्वास्थ्य बीमित' बनाउने । |
| मातृशिशु स्वास्थ्य र पोषण | ● सुत्केरी महिलालाई '५ हजार सुत्केरी सहायता भत्ता', सबै वडामा सुनौलो हजार दिन कार्यक्रम<br>● हरेक वडामा दक्ष स्वास्थ्यकर्मी सहितको गुणस्तरीय प्रसुती केन्द्र संचालन, स्वास्थ्य संस्था मातहत रहनेगरी 'समुदायमा नर्स' कार्यक्रम, घरमै पोष्ट न्याटल सेवा,<br>● सबै विद्यालयमा नर्स, सबै महिलालाई निःशुल्क गुणस्तरीय स्यानिटेरी प्याडको व्यवस्था । |

| | |
|---|---|
| स्वस्थ नागरिकः घरमै स्वास्थ्य सेवा | ● नसर्ने रोगहरूको बढ्दो चापलाई न्यून गर्न चिकित्सक र जनस्वास्थ्य अधिकृत सहितको शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्रको स्थापना र 'नागरिक आरोग्य कार्यक्रम',<br>● ६० वर्ष माथिका नागरिक, गर्भवती महिला, दीर्घ रोग भएका, अपाङ्गता भएका र स्वास्थ्य संस्थाको पहुँचमा पुग्न नसकेका व्यक्तिलाई घरमै स्वास्थ्य सेवा, ४० वर्ष माथिका हरेक नागरिकलाई वर्षमा एक पटक निःशुल्क चेकजाँच, समय समयमा वडा र समुदायमा 'घुम्ती जनस्वास्थ्य शिविर',<br>● मेरो स्वास्थ्यः म स्वस्थ मेरो गाउँ-नगर स्वस्थ अभियान, स्वस्थ जीवनशैली आहार विहार र नियमित व्यायम,<br>● खाद्य, पानी गुणस्तर र जनस्वास्थ्य प्रवर्द्धन तथा निगरानीका लागि जनस्वास्थ्य निरीक्षकको परिचालन गर्ने । |

## कृषि







| | |
|---|---|
| किसान कल्याण | ● किसानको सूचीकरण र वर्गीकरण गरी साना किसानलाई रू १० हजार बराबरको किसान क्रेडिट कार्ड, २ देखी ४% सम्म सहुलियत ऋण, बीमामा ९०% सम्म अनुदान,<br>● कृषि समाग्री तथा कृषि सेवामा सुनिश्चि त पहुँच, भूमि बैंकमा अग्राधिकार,<br>● उन्नत बीउ एवं नश्लका पशुपन्छीमा ५०% अनुदान, कृषि विद्युतमा ५०% छुट,<br>● महिलामैत्री कृषि प्रविधिको विकास, महिला किसानलाई थप २०% अनुदान । |
| खाद्य तथा पोषण सुरक्षा | ● पोषण शिक्षा, घर-घरमा पोषण, बगैंचा,<br>● अति विपन्न घरपरिवार परिचयपत्रको आधारमा रासन दिने व्यवस्था, सुपथ खाद्यान्न पसल । |
| कृषि उद्यमशिलता विकास | ● कृषि उद्यम विकास सेवा केन्द्र स्थापना,<br>● कृषि उत्पादन, प्रशोधन, लजिष्टिक व्यावस्थापन, बजारीकरण तथा प्राविधिक सेवा आदिमा प्रोत्साहन, प्राविधिक सेवा तथा बजारीकरणमा विद्युतीय सूचना प्रवधि प्रयोगमा प्रोत्साहन । |

| | |
|---|---|
| आयात प्रतिस्थापन | ● बढी आयात हुने कृषिबाली वस्तु उत्पादन क्षेत्रको निर्धारण,<br>● व्यावसायिक योजना बमोजिम कृषिबाली उत्पादन तथा पशुपन्छी पालन, प्राविधिक सेवा, प्रशोधन उद्योग तथा बजारीकरण सहितको एकिकृत योजना,<br>● गुणस्तरीय बीउ-विजन, पशुपन्छी नश्लउ तथा माछा भुराको उपलब्धताको सुनिश्चितता,<br>● रासायनिक मल गोदाम निर्माण र न्यायिक वितरणको सुनिश्चनतता,<br>● कृषि यन्त्र तथा उपकरणको उत्पादन तथा एसेम्बलीङ्ग गर्ने कृषि उद्यमीहरूलाई प्रोत्साहन । |
| निर्यात प्रवर्द्धन | ● निर्यातजन्य बाली तथा वस्तु उत्पादनको प्राङ्गारिक वा गुणस्तर प्रमाणीकरणका लागि ७५% अनुदान, गुणस्तर प्रवर्द्धनका लागि गुणस्तरीय प्रयोगशाला,<br>● अन्तर्राष्ट्रिय बजार पहिचान तथा प्रवर्द्धनमा नीजि क्षेत्रसँग साझेदारी,<br>● निर्यातजन्य बाली तथा वस्तुको उत्पादन, प्रशोधन, बजारीकरण, ब्राण्डिङ, ढुवानीको लागि सहजिकरण र संघीय निकायसँग समन्वय । |
| कृषि बजारीकरण | ● कृषि बजार पूर्वाधारको विकास, उत्पादन तथा प्राथमिक प्रशोधनको कार्यक्रम, आपूर्ति श्रृखला विकासमा नवप्रवर्तक र युवालाई प्रोत्साहन,<br>● न्यूनतम मूल्य निर्धारण तथा न्यूनतम समर्थन मूल्यमा खरिद गरी बिक्री गर्ने,<br>● गोदाम घर निर्माण, ग्रेडिङ्ग तथा प्याकेजिङ्गका संरचनाको स्थापना । |
| दिगो र जलवायु मैत्री कृषिको विकास | ● बाढी, पहिरो, डुबान, खडेरी आदि प्रकोपबाट प्रभावित किसानलाई लक्षित गरी राहत तथा जिविकोपार्जन सहयोग कार्यक्रम,<br>● प्राङ्गारिक सामाग्री उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन, असल कृषि अभ्यास तथा रैथाने तथा स्थानीय बाली वस्तुको पहिचान तथा अभिलेखीकरण, हरित तथा अनुकूलित कृषि अर्थतन्त्र विकास कार्यक्रम । |
| प्राविधिक जनशक्ति विकास | ● कृषि तथा पशुपन्छी/भेटेनरी अधिकृत एवं वडा तहमा नायव प्राविधिक सहायकको दरबन्दी र निरन्तर क्षमता विकासको व्यवस्था,<br>● किसानको खेतबारीमै प्राविधिक सेवा र टेवा, कृषिमा डिजिटल प्रविधिको प्रसार,<br>● स्थानीय समस्यामा आधारित कृषि अनुसन्धान तथा प्रसार । |
| सहकारी | ● सहकारी क्षेत्रको प्रभावकारी नियमन, व्यवसायिकरण र गुणस्तर विकास र प्रविधिमैत्री,<br>● कृषिजन्य वस्तु मल, बिउ, यन्त्र, उपकरणआदि सहकारी संघ संस्था मार्फत बिक्री वितरण,<br>● सहकारी पुँजीलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्दै सहकारी विद्यालय, कलेज, स्वास्थ्य केन्द्र आदिको संचालन गर्दा स्थानीय सरकारसँगको समन्वयमा गर्ने व्यवस्था, |

# स्रोत तथा वित्तीय व्यवस्थापन

**स्थानीय कर र कर प्रशासनको समग्र सिद्धान्त**




**स्थानीय सरकारको राजस्व अभिवृद्धि र कर प्रशासनको रणनीति**

**तत्काल**

- नमुना कर कानूनहरूको निर्माण र उपयोग,
- विशिष्टीकृत राजस्व शाखाको स्थापना र कर्मचारीको व्यवस्था,
- वस्तुगत तथ्यको आधारमा करको आधार मूल्याङ्कन तथा निर्धारण,
- स्थानीय जनताले तिर्न सक्ने क्षमताको आधारमा करको दर निर्धारण ।

**मध्यकालीन**


- करका स्रोत अनुसार निश्चित कर कानून बनाउने,
- कर तथा गैरकर राजस्वको आधार र संरचनाको विकास,
- जनताको क्षमताअनुकूल प्रगतिशील करको दर निर्धारण,
- करको विवरण, निर्धारण, गुनासो र दाखिलालाई सहज र करदाता मैत्री बनाउन अनलाइनको प्रयोग,
- अन्तर स्थानीय सरकार संयुक्त राजस्व प्रशासनको अभ्यास गर्न कार्यगत ढाँचा तयार गर्ने

**दीर्घकालीन**

- अनलाइन वित्तीय सूचना अद्यावधिक र विश्लेषण गर्ने,
- राजस्वका नवीन स्रोतको पहिचान र परिचालन गर्ने,
- सङ्घीय वित्तीय प्रणालीमा विद्यमान सबै किसिमका असन्तुलन कम गर्न अन्तर सरकारी वित्त हस्तान्तरणलाई तथ्यगत र अनुमानयोग्य बनाउने ।


# स्थानीय पूर्वाधार




| | |
|---|---|
| संरक्षण एवं जगेर्ना | • GIS Mapping गरी स्थानीय श्रोत साधनको दुरूस्त अभिलेखीकरण, पुरातात्विक महत्वका संरचनाहरूको वर्गिकरण र संरक्षण,<br>• गुठीका संरचना, सत्तल, पाटी, धर्मशाला, उद्यान, पोखरी आदिको संरक्षण र स्तरोन्नति,<br>• स्थानीय शैलीको घर र स्थानीय सामाग्रीहरूको प्रोत्साहन । |
| सडक तथा यातायात | • ग्रामीण केन्द्रलाई बजार केन्द्र सम्म जोड्ने र शहरी केन्द्र बीचको सडक उन्नतिकरण,<br>• सडक पूर्वाधारको गुणस्तर र मर्मतमा विशेष ध्यान र सडक सुरक्षा मापदण्ड, अनिवार्य फुटपाथ र साइकल लेनको व्यवस्था, सुदृढ र अपांगता-मैत्री सार्वजनिक यातायात,<br>• सबै गाउँ-नगरपालिका केन्द्रमा पक्की सडकको पहुँच, सबै वडासम्म सडक । |
| वातावरण | • हरित स्थानीय तहको स्थापना, 'एक वडा, एक खुला क्षेत्र', वृक्षारोपण, पार्क, बगैचा विकास,<br>• एक स्थानीय तह एक पोखरी, एक बस्ती एक पार्क, एक घर एक फूलवारी अभियानलाई प्रवर्द्धन गर्न विरूवाहरू निःशुल्क वितरण,<br>• प्रदुषण मापन केन्द्रको स्थापना, नविकरणीय ऊर्जा, आकाशे पानीकोसंचिति प्रवर्द्धन,<br>• बिजुली, टेलिफोन, इनटर्नेट आदिलाई क्रमशः भूमिगत गराउने,<br>• नदी खोलामा प्रशोधन नगरिएको ढल जोड्ने परिपाटीलाई नियन्त्रण । |
| आधारभूत पूर्वाधार विकास | • एक स्थानीय तह-एक पर्यटन पूर्वाधार, एक स्टेडियम र एक वडा- एक खेल मैदान,<br>• सामुदायिक भवन र गाउँ मिलनकेन्द्र निर्माण, अपांगतामैत्री सार्वजनिक संरचना,<br>• आधारभूत अस्पाताल भवन, वडामा आधारभूत स्वास्थ्य केन्द्र भवन,<br>• व्यवसायिक उत्पादन र बजारीकरणको लागि कृषि उपज संकलन केन्द्रको निर्माण । |
| खानेपानी र सिचाई | • सार्वजनिक धाराको संरक्षण र व्यवस्था तथा जमिन मुनिको पानीको सतहको मुल्यांकन गरी सिंचाइ हुन सम्भाव्य सम्पूर्ण जमिनमा बाह्रै महिना सिंचाई हुनेगरी कार्यक्रम सञ्चालन |
| सूचना र संचार | • प्रविधि मैत्री स्थानीय तह, सबै टोल र गाउँमा इन्टरनेटको सुविधा,<br>• सरकारी कार्यालयहरूमा प्रविधिको उच्च प्रयोग गराइने छ । |

# सामाजिक सुरक्षाः कोखदेखि शोकसम्म




| कोखदेखि शोकसम्म | |
|---|---|
| प्रजनन् स्वास्थ्य र अधिकार | • युवा-युवतीलाई निःशुल्क प्रजननन स्वास्थ्य शिक्षा<br>• प्रजनन छनोटको स्वतन्त्रताको प्रत्याभूति |
| गर्भावस्था | • गर्भावस्थामा निःशुल्क परीक्षण<br>• घरवारविहीन विपन्न गर्भवतीका लागि निःशुल्क आश्रय र पोषणको व्यवस्था |
| सुरक्षित मातृत्व | • सुत्केरी र नवजात शिशुको घरदैलोमा स्वास्थ्य सेवा<br>• पाँच हजार सुत्केरी सहायता भत्ता |
| बालविकास | • निःशुल्क खोप तथा पोषण तालिका<br>• शिशु स्याहार केन्द्र र दिवा खाजा |
| शिक्षा | • घोकन्ते शिक्षा प्रणालीबाट सोच्ने, सोध्ने र सिक्ने शिक्षा प्रणालीको विकास |
| स्वास्थ्य | • सबै नागरिकलाई स्वास्थ्य बीमा र ६५ वर्ष भन्दा माथिका जेष्ठ नागरिक, अपाङ्गता भएका विपन्न लगायतलाई निःशुल्क बीमा<br>• स्वास्थ्य उपचारमा खल्तिको पैसा खर्च कम गर्ने व्यवस्था |
| रोजगारी र श्रम | • तरूण सीप र वृत्ति विकास<br>• स्वरोजगार कार्यक्रम सञ्चालन<br>• सबै श्रमिकको सामाजिक सुरक्षा कोषमार्फत योगदानमा आधारित निवृत्तिभरणको व्यवस्था<br>• एकल महिला तथा अपाङ्गता भएका नागरिकद्वारा सञ्चालित स्वरोजगारको हकमा ५०% योगदान सरकारको तर्फबाट व्यवस्था |
| वृद्धावस्था | • ६५ वर्ष माथिका सबै जेष्ठर नागरिकलाई निःशुलक स्वास्थ्य बिमा<br>• ६५ वर्ष माथिका सबै जेष्ठ नागरिकलाई जेष्ठ नागरिक भत्ता<br>• जेष्ठ नागरिक उपचार खर्च<br>• जेष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा |
| मृत्यु संस्कार | • नागरिक समुदाय र धर्म बमोजिमको बेग्लै अन्तिम संस्कारको लागि स्थान उपलब्ध गराउने<br>• मृत्यु संस्कार खर्च उपलब्ध गराउने |

# उद्यमशीलता, रोजगारी र श्रम







| | |
|---|---|
| उद्यम विकास केन्द्र र रोजगार बैंक | • उद्यम संचालन गर्न सहजता गर्न श्रोत साधन युक्त 'उद्यम विकास केन्द्र' को स्थापना<br>• रोजगारीका सूचना तथा तथ्याङ्क सहितको 'रोजगार बैंक'<br>• उद्योग व्यवसाय सम्बन्धी 'बेसलाइन सर्वे' बजारको माग र संभावनाको पहिचान |
| युवाहरूको क्षमता तथा दक्षता अभिवृद्धि | • माग अनुसारका प्राविधिक तथा व्यवसायिक शिक्षा, तालिम, सीप विकास युवा नीति निर्माण, खेल मैदान निर्माण<br>• उच्चमाध्यमिक तहमा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई इन्टर्नसिपको अवसर<br>• वार्षिक रोजगार मेलाको, लोकसेवा लगायत सार्वजनिक निकायमा रूची भएकालाई तयारी कक्षा, अन्य पेशा व्यवसायमा रूची भएकालाई तालिम |
| रोजगारी सिर्जना गरे वापतको सुविधा | • स्थानीय तहमा संचालन हुने उद्योगहरूमा निश्चित प्रतिशत स्थानीय रोजगारी दिनुपर्ने व्यवस्था<br>• स्थानीय रोजगारी सिर्जना गरेवापत स्थानीय कर छुटको व्यवस्था |
| उद्यमशिलता र उद्यम प्रवर्द्धन | • सेवाक्षेत्रलाई प्रवर्धन गर्न हस्पिटालिटी जस्ता विषयको तालिम<br>• उद्यमशिलता, प्रविधि, बजार, रोजगारी र लगानी अभिवृद्धिका लागि निजीक्षेत्र, गैरसरकारी संस्था र सरकारका अन्य निकायहरूसँग सहकार्य,<br>• घरेलु उद्योगलाई ठूला खरिदकर्ता र सुपर मार्केटसँग जोड्ने,<br>• परम्परागत पेशा, सिपको संरक्षण र प्रवर्द्धन |
| आयात प्रतिस्थापन उत्पादन बढाई रोजगारी सिर्जना | • स्थानीय वस्तु सामाग्रीमा खानालाई प्राथमिकता, स्थानीय उत्पादनको रैथाने बजार<br>• एक स्थानीय तह एक औद्योगिक ग्रामको अवधारण,<br>• विप्रेषणबाट प्राप्त आय उत्पादन क्षेत्रमा लगानी गर्न चाहनेलाई कर छुटको पहल, |

| | |
|---|---|
| वैदेशिक रोजगार | • स्थानीय श्रमको लागि विदेश जानु पर्ने अवस्थाको क्रमशः अन्त्य गर्ने नीति<br>• वैदेशिक रोजगारीमा जानेहरूका लागि जानपूर्व सीप र दक्षता अभिवृद्धिका लागि रूची, क्षेत्र र आवश्यकता अनुसर सीपमुल तालिम,<br>• वैदेशिक रोजगारमा संलग्न वा फर्केका युवाहरूको सीप, दक्षता, पूँजी र विप्रेषण आयलाई उत्पादन मुलक लगानीको अवसर र सहुलियत, |
| श्रम | • श्रमिकको न्यूनतम ज्याला, महिलालाई समान ज्याला, आधारभूत श्रम अधिकार र श्रम मापदण्डको कार्यान्वयन,<br>• श्रमिक संगठन, श्रमिक प्रतिनिधि तथा रोजगारदाता संस्था एवं प्रतिनिधि समेतको प्रतिनिधित्व हुने गरी स्थानीय तहमा श्रम सल्लाहकार परिषद गठन<br>• श्रमिकको पञ्जिकरण र वैदेशिक रोजगारीबाट फर्केका श्रमिकको अभिलेखीकरण<br>• योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा अनौपचारिक तथा स्वरोजगार श्रमिकलाई जोड्ने । |

## पर्यटन






| | |
|---|---|
| पर्यटन गन्तव्य विकास | • स्थानीय तहमा रहेका गन्तव्यहरूसम्मको सहज र सुलभ पहुँचका लागि गुणस्तरीय पूर्वाधार<br>• संग्राहलय निर्माण, वातावरणमैत्री दिगो पर्यटन प्रवर्द्धन<br>• सामुदायिक वन, पदमार्ग, पुरातात्विक सम्पदा स्थलहरूको संरक्षण संवर्धन र सौन्दर्यिकरण<br>• निजी क्षेत्रलाई प्रोत्सहित गर्दै पर्यटकीय गन्तव्य निर्माण<br>• परम्परागत शैलीमा निर्माण भएका घरहरूको संरक्षण, पौराणीक एवं परम्पारगत भौतिक संरचनालाई मौलिक गतिविध वा विशिष्टि बुटिक आवासका रूपमा विकास तथा प्रवर्द्धन |
| गतिविधि सिर्जना | • पर्वतारोहण, पदयात्रा, र्या फ्टिङ, जंगल सफारी, जलयात्रा, सम्पदा यात्रा, साइक्लिङ, बाइकिङ, नेचर वाक, भिलेज वाक, चरा अवलोकन, फिंसींग, फ्लोरा फाउना तथा फोसिल हन्टिंग, हनि हन्टिंग, प्याराग्लाइडिंग, बन्जि जम्प, केवलकार, परम्परागत जीवनशैली अवलोकन यात्रा, आध्यात्मिक यात्रा लगायतका सांस्कृतिक, प्राकृतिक, एवं साहसिक गतिविधिहरूको सृजना गर्न उत्प्ररित र सहजीकरण गर्ने र पर्यटकीय प्याकेज विकास गर्न निजी क्षेत्रसँग सहकार्य |

| | |
|---|---|
| क्षमता विकास तथा संगठनात्मक सुदृढता | ● स्थानीय नेतृत्व र प्रशासनिक संयन्त्रलाई अर्थतन्त्र, प्रविधि र पर्यटनमैत्री बनाउन आवश्यक तालिम तथा दक्षता अविवृद्धि<br>● होमस्टे (घरवास) पर्यटन, ग्रामिण पर्यटन जस्ता समुदायमा आधारित पर्यटन सञ्चालन लागि अभिमुखिकरण र मुख्य स्रोत बजारहरूका साझेदार निकायसँग सम्पर्क स्थापित गर्ने |
| स्रोत बजारको पहिचान र प्रवर्द्धन | ● स्थानीय जात्रा, पर्व, उत्सव, महोत्सवहरूको वार्षिक क्यालेन्डर बनाई सामाजिक सञ्जाल मार्फत प्रवर्द्धन गर्ने र स्थानीय खानपीनको प्रवर्द्धन ब्रान्डिंग तथा बजारीकरण गर्ने<br>● आन्तरिक पर्यटनलाई प्रोत्साहन, वातावरणमैत्री पर्यटनको लागि चेतनामूलक कार्यक्रम |

## वातावरण तथा प्राकृतिक स्रोतको संरक्षण र जलवायू परिवर्तन




| | |
|---|---|
| प्राकृतिक स्रोत संरक्षण, व्यवस्थापन तथा परिचालन | ● स्थानीय ज्ञान-सीप, जैविक विविधता, वन, वनस्पति, वन्यजन्तु, वन पैदावार, खानी, जलश्रोत, भूमि, जडिबुटी, रैथाने बीउ बिजन, ऊर्जाको संभावना पहिचान र सर्वेक्षण गरी व्यवस्थापन गर्ने,<br>● प्रत्येक स्थानीय-तहलाई सक्षम र आत्मनिर्भर ईकाइको रूपमा विकास गर्दै जाने<br>● नदी तथा नदीजन्य स्रोतको अनियन्त्रित दोहनलाई नियमन र नियन्त्रण गर्ने आवश्यक नीतिगत, कानूनी संरचनाको परिमार्जनका लागि संघ र प्रदेशसँग समन्वय गर्ने, |

| | |
|---|---|
| | • सबै स्थानीय तहहरूले भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्ने,<br>• स्थानीय तहमा 'प्राकृतिक स्रोत तथा वातावरण संरक्षण सम्बन्धि' आवश्यक नीति, कानून तथा कार्यविधीहरू निर्माण<br>• प्रत्येक स्थानीय तहले कम्तिमा एउटा वनमा आधारित उद्योग संचालन गर्ने । |
| दिगो विकासका सिद्धान्त अनुरूप विकास निर्माणका कार्य | • स्थानीय-तहको प्राकृतिक स्रोतको अवस्था र यसको परिचालनका संभावना समेटेर स्थानीय-तह विकासको दीर्घकालीन रणनीति तयार गरी कार्यान्वयन गर्ने,<br>• नदी, पहाड तथा भूगोलको प्राकृतिक वहाव वा स्वरूपलाई यथावत राख्नेगरी प्राकृतिक स्रोत संरक्षण र विपद जोखिमका संभावित विषयलाई केन्द्रमा राखी विकास निर्माणका योजना तर्जुमा तथा कार्यान्वयन गर्ने,<br>• वातावरणीय प्रभावको अध्ययन नगरी विकास निर्माणका कार्यहरू संचालन नगर्ने |
| जलवायु परिवर्तन र प्रभावलाई सम्बोधन गर्ने | • स्थानीय अनुकूलन योजना निर्माण गरी प्राकृतिक स्रोतजन्य वा सामाजिक क्षेत्रमा आवश्यक अनुकूलनका कार्य गर्ने,<br>• जलवायु पविर्तनको असर सम्बन्धि सूचना, क्षमता अभिवृद्धि, श्रोतको व्यवस्थापन गर्ने<br>• घरायसी तथा औद्योगिक उपयोगको लागि स्वच्छ ऊर्जा वा वैकल्पिक उर्जाको प्रयोग वढाउने,<br>• स्वच्छ नविकरणीय ऊर्जामा आधारित आर्थिक गतिविधि र उद्यमशीलतालाई बढावा दिने, |
| द्वन्द्व व्यवस्थापन | • प्राकृतिक स्रोत तथा त्यहाँबाट प्राप्त हुने वस्तु तथा सेवाको स्थानीय उपयोग वा त्यसको व्यावसायिक प्रयोगको सन्दर्भमा आउन सक्ने द्वन्द्वलाई पहिचान गर्दै उचित निराकरण गर्ने,<br>• मानव वन्य जन्तु बीचको द्वन्द्व तथा प्रकोप व्यवस्थापन गर्न विशेष व्यवस्था,<br>• वन्य जन्तुवाट हुने जनताको वाली नालीको क्षति संबोधन गर्न वाली नालीको बिमाको व्यवस्था गर्ने । |


## विपद् व्यवस्थापन

| | |
|---|---|
| विपद व्यवस्थापन | • विपद व्यवस्थापन र पूर्व तयारी तथा प्रतिकार्य योजना तर्जुमाका लागि हरेक वडामा 'विपद कोष'को स्थापना एवं दक्ष जनशक्ति र उपकरण सहितको 'Rapid Response Unit' को स्थापना गर्ने<br>• विपद जोखिमको विश्लषेण तथा मूल्याङ्कन, रोकथाम, हुनसक्ने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा हुने विपद जोखिमलाई कम गर्ने नीति, रणनीति र कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने |
| | • भौतिक पूर्वाधार विकासका आयोजना तथा योजनाको विविध पक्ष, अग्रपृष्ठ सम्बन्ध तथा तल्लो र माथिल्लो भूगोलमा पर्ने असरलाई विश्लेषण गरी तहगत सरकारलाई राय सुझाव दिने कार्यलाई संस्थागत गर्ने; छिमेकी स्थानीय तहहरूसँग समन्वय गर्ने,<br>• जोखिमयुक्त क्षेत्रको सामूहिक लेखाजोखाको आधारमा जोखिमयुक्त वस्तीको संर क्षणको योजना तथा स्थानान्तरण गर्ने व्यवस्था |

## फोहरमैला व्यवस्थापन तथा सरसफाइ

| | |
|---|---|
| फोहरमैला व्यवस्थापन र सरसफाइ | • न्यूनतम फोहर उत्पादन हुने व्यवस्था गर्ने, कुहिने र नकुहिने फोहर वर्गिकरणबारे जनचेतना अभिवृद्धि गर्दै फोहर व्यवस्थापनमा निजी क्षेत्र तथा सरोकारवाला संस्थासँग सहकार्य गर्ने, टोल-टोलमा फोहरमैला संकलन र व्यवस्थापनको अनुगमन तथा निरीक्षण,<br>• विद्युतीय, औद्योगिक तथा औषधि एवं स्वास्थ्यजन्य फोहरलाई कडाइका साथ अलग व्यवस्थापन,<br>• ल्याण्डफिल साइटहरूलाई क्रमशः सरसफाइ केन्द्रको रूपमा विकसित गर्ने, ल्याण्डफिल साइट बनाउनै पर्ने अवस्थामा दुई वा दुईभन्दा बढी स्थानीय तहले सहकार्य गर्ने,<br>• 'फोहरबाट मोहोर' कमाउन कुहिने फोहरबाट जैविक मल र ऊर्जा उत्पादन एवं नकुहिने फोहरलाई उचित ढङ्गले पुनर्प्रयोग,<br>• फोहरमैला संकलन र व्यवस्थापनमा खटिने श्रमिकको सुरक्षा र निःशुल्क स्वास्थ्य बीमाको व्यवस्था,<br>• क्रमशः प्लाष्टिकको प्रयोग प्रतिस्थापन गर्दै नेपाली कच्चा पदार्थ प्रयोग हुने वातावरणमैत्री सामानको उत्पादन र प्रवर्द्धन गर्ने,<br>• समुदायसँगको सहकार्यमा स्थानीय सार्वजनिक क्षेत्र, सडक, धार्मिक स्थल, पुरातात्विक तथा पर्यटकीय स्थल, पानीको मुहान, नदीनाला एवं ताल तलाउको नियमित सरसफाइ |

# सामाजिक न्याय र विशेष व्यवस्था






सामाजिक न्यायको हक अन्तर्गत सामाजिक रूपमा पछाडि परेका महिला, दलित, अपाङ्गता भएका व्यक्ति, अल्पसंख्यक, मुस्लिम, पिछडिएको क्षेत्र लगायतका नागरिकलाई समावेशी सिद्धान्तका आधारमा सबै निकायमा सहभागिता, सामाजिक सुरक्षामा विशेष अवसर, समान पहुँचको लागि विशेष व्यवस्था गरिनेछ ।

| | |
|---|---|
| दलित समुदाय | • जातीय छुवाछुत र विभेदलाई सामाजिक अपराधको रूपमा लिँदै शुन्य सहनशीलता,<br>• न्यून आय भएका विपन्न, दलित समुदायका नागरिकको निःशुल्क बिमा, विद्यार्थीहरूलाई छात्रवृतिको व्यवस्था,<br>• दलित समुदायका परम्परागत सीपको संरक्षण, प्रवर्द्धन र रोजगारी सृजना गर्ने, व्यवसायका लागि सहुलियत ऋण तथा अनुदानको व्यवस्था गर्ने, |
| महिला | • स्थानीय तहका विभिन्न निकायमा महिलाको समानुपातिक सहभागिता,<br>• उत्पादनशील क्षेत्रमा महिला सहभागिता तथा महिला उद्यमशीलता अभिवृद्धि गर्न तालिम र स्वरोजगारको लागि सहुलियत<br>• महिलामाथि हुने हिंसा, जातीय तथा लैंगिक विभेद बोक्सी प्रथा, छाउपडी, दाइजो तथा तिलक लगायत सामाजिक विकृति र विभेद विरूद्ध शुन्य सहनशीलता<br>• अपाङ्गता भएका महिलाहरूको प्रजनन् स्वास्थ्य अधिकारका लागि अस्पतालहरूमा पहुँचयुक्त वातावरण, निःशुल्क परीक्षण, औषधि लगायतको व्यवस्था, गर्भवती महिलालाई घरमै सेवा, |
| अपाङ्गता | • अपाङ्गता भएका व्यक्तिहरूलाई सार्वजनिक सेवा, स्थान तथा अन्य सुविधाहरूमा विशेष व्यवस्था सहित प्रतिनिधित्व र पहुँच, अपाङ्गतामैत्री भौतिक पूर्वाधार, सेवा र सुचना प्रणाली<br>• अभिभावक वा संरक्षक नभएको अवस्थामा त्यस्ता अपाङ्ग व्यक्तिको उचित संरक्षण,<br>• रोजगारीका अवसरहरूमा पहुँच विस्तार तथा स्वरोजगारीका अवसरहरूको सृजना गर्दै उद्यमशीलताको विकास गर्न विशेष आर्थिक सहुलियतको व्यवस्था |

| | |
|---|---|
| बालबालिका | • जन्मदर्तालाई सरल, सहज र पहुँचयुक्त बनाउने, बालबालिका संरक्षण कोषको स्थापना तथा परिचालन गर्ने, बाबु आमाविहीन बालबालिकाको संरक्षण,<br>• अपाङ्गता भएका बालबालिकाको स्थिति विश्लेषण गरी विशेष कक्षा वा सिकाइ केन्द्रहरू स्थापना गर्ने,<br>• स्थानीय तहका हरेक शैक्षिक संस्थामा विपन्न, अपाङ्गता भएका बालबालिकाका लागि पहुँचयुक्त निःशुल्क शिक्षा |

## भाषा, कला, संस्कृति र खेलकुद

| | |
|---|---|
| भाषा, | • स्थानीय तहमा बोलिने सबै भाषा, भाष्य, लिपी र अभिलेखको अध्ययन अनुसन्धान, अभिलेखीकरण र प्रवर्द्धन गर्ने |
| कला संस्कृति | • संस्कृति, साहित्य, रहनसहन, संगित र दर्शनको सूचीकरण, संरक्षण, प्रवर्द्धन<br>• पुरानो पाटी पौवा, मठमान्दिर, चैत्य गुम्बहरूलाई मौलिकतामा आधारित स्थानीय सामाग्रीबाट निर्माण, अभिलेखिकरण गरि संरक्षण सम्बर्धन गर्ने,<br>• कला र संस्कृतिको मौलिकताको जगेर्ना, चाड, पर्व, उत्सव, मेला, संगित, नाँच आदिको जगेर्ना गर्न स्थानीय युवालाई तालिम दिदै जागरणका कार्यक्रम गर्ने, |
| खेलकुद | • एक स्थानीय तह एक खेलकुद मैदान, क्रिकेट, फुटबल, भलिबल लगायतका खेलकुदलाई उचित प्रोत्साहान दिने, खेलकुद क्लबको स्थापना |

## भू-उपयोग योजना र भूमिमाथि नागरिक अधिकार

| | |
|---|---|
| भू-उपयोग योजना र कार्यान्वयन | • भू-उपयोग सूचना केन्द्र तथा सूचना संकलन गरी भूमिको वर्गिकरण र भू-उपयोग योजना<br>• बाँझो जमीन, नदी उकास, बगर आदिमा व्यावसयिक कृषि तथा कृषि-वन कार्यक्रम,<br>• खेतीयोग्य जमीनमा खण्डीकरण, बाँझो खेतलाई प्रगतीशील कर तथा गैरकरका व्यवस्था,<br>• भूमि बैंक मार्फत् साना किसानलाई उत्प्रेरित गर्ने, |
| भूमि अधिकार | • भूमिहीन, दलित, सुकुम्वासी र अव्यवस्थित बसोवासको समस्या समाधान गर्न लगत संकलन, प्रमाणीकरण, जग्गा नापी र पूर्जा वितरण, आवास निर्माण र जिविको पार्जनका कार्यक्रम संचालन,<br>• भू-उपयोग परिषद् गठन गर्ने, जोखिम क्षेत्रबाट सुरक्षित स्थानमा पुर्नस्थापना,<br>• मुक्त कमैया, कमलरी, हलियाको सम्बोधन हुन बाँकी विषयहरू सम्बोधन गर्न पहल गर्ने, |

## निष्कर्षः

नेपाली कांग्रेसले तीनै तहमा आफ्नो सरकार बनाएर अबको पाँच वर्षमा हरेक नेपालीलाई सम्मानित तवरले जीवन निर्वाह गर्न सक्ने स्थितिको जग बसाउन प्रतिबद्ध छ । यसका लागि बलियो र पहिलो आधार हाम्रो गाउँ र नगरको समुन्नति हो । समुन्नतिका लागि नेपाली कांग्रेसले आफ्ना क्षेत्रगत प्राथमिकता र संकल्प तय गरेको छ । यी सिद्धान्त, नीति, कार्यक्रम र प्रतिवद्धताहरू केवल चुनावी नारा नभएर नेपाली कांग्रेसको दृढ संकल्प भएको विश्वास सम्पूर्ण नेपाली दाजुभाइ-दिदीबहिनीलाई दिलाउन चाहान्छौं ।

# हाम्रो प्रतिज्ञा

| हामी के गर्छौं | हामी के गर्दैनौं |
|---|---|
| • संविधानप्रदत्त सम्पूर्ण अधिकार कार्यान्वयनका लागि बन्न बाँकी रहेका कानून सङ्घ र प्रदेशले एक वर्ष भित्र निर्माण र परिमार्जन गर्नेछौं,<br>• एक वर्ष भित्र सङ्घीय प्रणालीलाई कार्यमूलक र प्रभावकारी बनाउन आवश्यक संस्थागत संरचना बनाई क्षमता अभिवृद्धि गर्नेछौं,<br>• एक वर्ष भित्र स्थानीय सरकारलाई थप स्रोत-साधन सम्पन्न बनाउन कर्मचारी व्यवस्थापन गरी आवश्यक जनशक्ति पदपूर्ति गर्ने व्यवस्था गर्ने तथा क्षमता अभिवृद्धिका लागि आवश्यक संरचना बनाउनेछौं,<br>• स्थानीय सरकारको माग, क्षमता र आवश्यकताका आधारमा बजेट बिनियोजन, समानिकरण अनुदान वृद्धि, पूर्वाधार लगायत विकास आयोजनाका लागि सहुलियत ऋण, अनुदान, प्राविधिक सहयोग उपलब्ध गराउनेछौं,<br>• विभिन्न तहका वीचमा रहेको कार्यगत अष्पष्टता तथा नीतिगत अन्योलतालाई स्पष्ट पार्नेछौं,<br>• जिल्ला समन्वय समिति लगायत जिल्लाका संरचनाहरूको क्षेत्राधिकार र भूमिकाको स्पष्ट व्याख्या गर्नेछौं,<br>• स्रोतसाधनको परिचालन, नीति, योजना र कानून तर्जुमा गर्दा तीन तहबीच दोहोरोपन हटाउन समन्वय गर्नेछौं,<br>• संविधानको भावना र मर्म अनुसार स्थानीय सरकारलाई स्वायत्त रूपमा सञ्चालन गर्न सङ्घीय र प्रदेश सरकारले उत्प्रेरकको भूमिका निर्वाह गर्नेछौं,<br>• सुशासन, पारदर्शिता, जवाफदेहिता र वित्तीय अनुशासनका सम्पूर्ण सिद्धान्त अनुशरण गरी भ्रष्टाचारमुक्त र मितव्ययी शासन प्रणाली अबलम्वन र संस्थागत गर्नेछौं,<br>• स्थानीय सरकारको कार्य सम्पादनको समीक्षा गर्ने उद्देश्यले पार्टीले हरेक बर्ष अनुभव साटासाट गर्नेछौं,<br>• स्थानीय सरकारको अनुगमन र मूल्याङ्कन संयन्त्र बनाई प्रभावकारी अनुगमन गर्न हरेक आर्थिक वर्ष समाप्त भएको २ महिनाभित्र स्थानीय तहको 'पार्टी अडिट', गर्नेछौं<br>• स्थानीय सरकार र नेतृत्वको मूल्यांकन गर्दा राष्ट्रिय र स्थानीय तहले निर्धारण गरेको लक्ष्यका साथै घोषणापत्रमा उल्लेखित सूचकाङ्कको आधारमा मूल्याङ्कन गर्नेछौं । | पार्टीको नीति र सिद्धान्त, सुशासनका मापदण्ड र जनताप्रतिको उत्तरदायित्वलाई पूर्णरूपमा आत्मसात गर्दै हाम्रा स्थानीय सरकारको नेतृत्व गर्ने प्रमुख, उपप्रमुख, वडा अध्यक्ष र सदस्यहरूले देहाय बमोजिमका कार्य गर्ने छैनौं भनेर सङ्कल्प गर्नेछन् :<br>• जनताको करबाट उठेको राजस्वलाई भ्युटावर, स्वागतद्वार जस्ता अनुत्पादक क्षेत्रमा लगानी गर्ने छैनौं,<br>• सरकारी सम्पत्तिको दुरूपयोग तथा प्राकृतिक स्रोत-साधनको दोहन गर्दैनौ, गर्न दिने छैनौं,<br>• कानूनको सीमा भन्दा बाहिर गएर तथा आर्थिक प्रलोभन वा व्यक्तिगत प्रभावमा परेर कुनै पनि निर्णय वा काम गर्ने छैनौं,<br>• नातेदार वा परिवारका सदस्यलाई सल्लाहकार, विज्ञ, कर्मचारी वा सहयोगी नियुक्त गर्ने छैनौं,<br>• निर्दिष्ट योजना र विनियोजित स्रोत सीमा वाहिर गइ अपारदर्शी वा अनुत्तरदायी रूपमा हचुवाका भरमा कुनै पनि निर्णय वा काम गर्दैनौं, गर्न दिने छैनौं,<br>• कानून, आर्थिक तथा वित्तीय उत्तरदायित्व र अनुशासनको उल्लंघन गर्ने छैनौं,<br>• महिला माथी हुने हिंसा, जातीय भेदभाव, लैंगिक विभेद, सामाजिक विकृति र विसंगतिलाई प्रोत्साहन हुने कुरामा प्रत्यक्ष तथा परोक्ष रूपमा समेत कुनै पनि अवस्थामा संलग्न हुने छैनौं । |

# हाम्रो अपिल




**आदरणीय दिदीबहिनी–दाजुभाइहरू,**

नेपाली कांग्रेसले नेपाली जनताले सुम्पिएको हरेक युगान्तकारी र चुनौतीपूर्ण अभिभारा इमान्दारी र निष्ठापूर्वक निर्वाह गर्दै आएको छ । इतिहासले नेपाली कांग्रेस पार्टीकै काँधमा समुन्नतिको युगको समेत नेतृत्व गर्नु पर्ने अभिभारा सुम्पिएको छ । नेपाली कांग्रेस प्रत्येक नेपालीको पहिचान, पहुँच, प्रतिनिधित्व, प्रगति र प्रतिष्ठामा नै नेपालको राष्ट्रिय गरिमा उच्च हुन्छ भन्ने कुरामा विश्वस्त छ । त्यसकै जगमा लोकतन्त्रका आधारभूत स्तम्भहरूको जगेर्ना गर्दै आत्मनिर्भर स्थानीय सरकारहरू मार्फत हाम्रै जीवनकालमा समुन्नत नेपाल बनाउने संकल्प हामीले गरेका छौं । विगतमा जस्तै भविष्यमा पनि तपाईंहरू र समयले सुम्पिएको जिम्मेवारी निष्ठापूर्वक वहन गरी लोकतन्त्र, संविधान, मानव अधिकारको संरक्षण र समुन्नत नेपाल निर्माण गर्नेछौं भनी सम्पूर्ण नेपाली नागरिकसँग प्रतिज्ञा गर्दछौं ।

**"हामी चाहन्छौं,**
**हरेक नेपालीको थालमा खाना होस् !**
**रहर लाग्दो शहर, बसौं बसौं लाग्ने गाउँ होस् ।**
**हरेक नेपालीलाई गाह्रो परेका बेला तत्काल सहयोग गर्न स्थानीय तहका पदाधिकारी सजिलै उपलब्ध हुन् !**
**हरेक जनता स्वस्थ जीवनशैलीबारे सजग रहुन् !**
**परिआएका बेला स्तरीय तथा निःशुल्क स्वास्थ्य सेवा सहज उपलब्ध होस् !**
**हरेक नेपाली दम्पति आफ्ना सन्तानको गुणस्तरीय शिक्षाको चिन्ता राज्यले लिइदिएकोमा यस संतापबाट मुक्त रहुन् !**
**सबैको जीवन खुशी र सम्मानित होस् ।"**

**यही वैशाख ३० गते सम्पन्न हुने स्थानीय तह निर्वाचनमा उत्साहपूर्वक सहभागी भई रूख चिन्हमा मतदान गर्न सम्पूर्ण आमाबुवा, दिदीबहिनी तथा दाजुभाइमा हार्दिक अपिल गर्दछौं ।**

**सबल स्थानीय सरकार, समुन्नत गाउँ, समुन्नत नगर !**
**केन्द्रदेखि गाउँसम्म नेपाली कांग्रेसको सरकार ! !**

**जय नेपाल ! ! !**

स्थानीय सरकार : लोकतन्त्रको आधार

# रूख चिन्हमा मतदान गरौं !
# नेपाली कांग्रेसलाई जिताऔं !!

सबल स्थानीय सरकार : समुन्नत गाउँ, समुन्नत नगर
गाउँदेखि केन्द्रसम्म नेपाली कांग्रेसको सरकार

प्रकाशक :
नेपाली कांग्रेस, केन्द्रीय कार्यालय
वीपी. नगर, सानेपा, ललितपुर
२०७९